मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २८१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ कार्तिक १८ गते मंगलबार ❑ 4 Nov. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## पोखराको दिगो पर्यटनका लागि मेडिकल र वेलनेस टुरिजम प्रवर्द्धन गर्न सुझाव

**पोखरापत्र संवाददाता**
पोखरा, १७ कार्तिक

पोखरालाई स्वास्थ्य तथा आरोग्य पर्यटनको केन्द्रका रूपमा विकास गर्नुपर्ने एक कार्यक्रमका वक्ताहरुले जोड दिनु भएको छ।

प्राकृतिक सुन्दरता, शान्त वातावरण र स्वास्थ्य पूर्वाधारका दृष्टिले पोखरामा यस किसिमको पर्यटनका लागि अथाह सम्भावना रहेकोसोमबारपोखरामाआयोजित एक कार्यक्रममा सहभागि वक्ता एवं विज्ञहरूले दाबी गर्नु भएको हो । दिगो पर्यटन र गुणस्तरिय पर्यटनको लागि पनि अब स्वास्थ्य तथा आरोग्य पर्यटनको प्रबर्द्धन गर्न आवश्यक भएको खाँचो हौलाइएको छ । पोखरा महानगरपालिका र मेडिकनेक्ट पोखराको सहकार्यमा आयोजित राष्ट्रिय स्तरको कार्यशाला गोष्ठीमा सहभागी सरोकारवालाहरूले मेडिकल र वेलनेस टुरिजमलाई दिगो पर्यटनको नयाँ गन्तव्यका रूपमा प्रवर्द्धन गर्न सुझाव दिनु भएको हो । कार्यक्रमलाई सम्बोधन




गर्दै पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले पोखरामा स्वास्थ्य, प्रकृति, संस्कृति र साहसिक पर्यटनलाई एकसाथ जोड्न सकिने उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "पोखरा ध्यान, योग र आरोग्यसँगै स्वास्थ्य सेवा प्रवर्द्धन गर्न सकिने प्राकृतिक शहर हो। अब यसलाई वेलनेस गन्तव्यका रूपमा विकास गर्नुपर्छ ।" नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रमुख मणिराज लामिछानेले नेपाल स्वास्थ्य र वेलनेस पर्यटनका लागि उत्कृष्ट गन्तव्य बन्न सक्ने बताउँदै मापदण्ड तयार गरी योजनाबद्ध ढंगले अगाडि बढ्न सुझाव दिनुभयो । उहाँका अनुसार, "पोखराको प्राकृतिक वातावरण, शान्ति र स्वच्छताले अन्तर्राष्ट्रिय पर्यटकलाई आकर्षित गर्न सक्छ ।" पोखरा भ्रमण वर्ष २०२५ का संयोजक गोपीबहादुर भट्टराईले विश्वकै वेलनेस गन्तव्य बन्ने क्षमता पोखरामा रहेको उल्लेख गर्दै, विगतमा मणिपाल शिक्षण अस्पतालमार्फत विदेशी नागरिकहरूलाई आकर्षित गरेको उदाहरण प्रस्तुत गर्नुभयो । उहाँले मेडिकल अध्ययन र उपचार दुवै क्षेत्रले नेपालको जिडिपीमा महत्वपूर्ण योगदान दिन सक्ने बताउनुभयो ।

मेडिकनेक्ट पोखराका प्रबन्ध निर्देशक डा. गिरिधारी शर्माले गत वर्ष नेपालमा आएका ११ लाख पर्यटकले पर्यटन क्षेत्रमार्फत करिब ७.५ प्रतिशत जिडिपीमा योगदान पुऱ्याएको जनाउँदै, मेडिकल र वेलनेस टुरिजमलाई जोड्न सके यो योगदान ९ देखि १० प्रतिशतसम्म पुग्ने सम्भावना रहेको बताउनुभयो ।

त्यस्तै आइसीपीडी नेपालका अध्यक्ष डा. पूर्णकान्त अधिकारी, मेडिकनेक्ट पोखराका अध्यक्ष विष्णु भुषाल, नेकपा (माओवादी केन्द्र) कास्कीका संयोजक विश्वप्रकाश लामिछाने नेपाल पत्रकार महासंघ गण्डकीका अध्यक्ष रमेश पौडेल लगायतका वक्ताहरूले सरकार, निजी क्षेत्र र स्थानीय निकायबीच सहकार्य गरी वेलनेस टुरिजमको नीति, मापदण्ड र पूर्वाधार निर्माणमा केन्द्रित हुन सुझाव दिनु भएको छ । पोखराको पर्यटन अब केवल दृश्य र साहसिकतामा सीमित नहोस्, बरु स्वास्थ्य, आरोग्य र मानसिक सन्तुलन खोज्ने विश्वभरका पर्यटकका लागि नयाँ गन्तव्यको रूपमा स्थापित गर्नुपर्ने समय आएको बताइन्छ।

## कास्कीमा भैपरी खर्च लिने 'जेनजी' आन्दोलनका घाइतेको सङ्ख्या न्यून

**पोखरापत्र संवाददाता**
पोखरा, १७ कार्तिक

गत भदौ २३ र २४ गते भएको 'जेनजी' आन्दोलनका क्रममा घाइते भएका कास्कीका ९२ जनामध्ये हालसम्म जम्मा आठ जनाले मात्र घाइते परिचयपत्र र भैपरी खर्च बुझेका छन् ।

जिल्ला प्रशासन कार्यालय, कास्कीले गत असोज २४ गते आन्दोलनका घाइतेलाई परिचयपत्र र भैपरी खर्च लिन आउन सार्वजनिक रूपमा सूचित गरेको थियो । गृह मन्त्रालयबाट प्राप्त घाइतेहरूको सूचीबमोजिम कास्कीमा स्थायी ठेगाना भएका घाइतेहरूलाई परिचयपत्र र भैपरी खर्च वितरण भइरहेको कार्यालयका प्रशासकीय अधिकृत झविश्वर रेग्मीले बताउनुभयो । "आइतबारसम्म आठ जनालाई घाइते परिचयपत्र रु २० हजारका दरले भैपरी खर्च प्रदान गरिएको छ", उहाँले भन्नुभयो, "अन्य घाइतेहरू पनि सम्पर्कमा हुनुहुन्छ, आफ्नो आवश्यकता र अनुकूलता अनुसार उहाँहरू आउनुहोला ।" यस बीचमा दसैं, तिहारलगायत चाडबाडको लामो बिदा परेकाले पनि कार्यालयबाट सेवा लिन आउनेको सङ्ख्या कम भएको प्रशासकीय अधिकृत रेग्मीले बताउनुभयो । परिचयपत्र वितरणपछि सोही आधारमा घाइतेलाई तत्कालका लागि भैपरी खर्चबापत रु २० हजार दरले रकम उपलब्ध गराइएको उहाँको भनाइ छ।

भैपरी खर्चका लागि 'जेनजी' आन्दोलनका क्रममा घाइते भई अस्पतालमा उपचार गराएको बिरामी टिकट र डिस्चार्जसम्बन्धी कागजात, नागरिकताको प्रमाणपत्र, तस्बिर र घाइतेका नाममा रहेको बैङ्क खाताको चेकको प्रतिलिपिसहित कार्यालयमा उपस्थित हुनपर्ने उहाँले बताउनुभयो। कार्यालयले घाइते स्वयं आउन नसके परिवारका सदस्यलाई सम्पर्क राख्न सूचित गरेको छ।

## स्वास्थ्य मन्त्री पाठकद्वारा परिवार नियोजन संघ कास्कीको निरीक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, १७ कार्तिक

गण्डकी प्रदेशका स्वास्थ्य मन्त्री कृष्ण प्रसाद पाठकले सोमबार नेपाल परिवार नियोजन संघ कास्की शाखाको निरीक्षण गर्नुभएको छ।

निरीक्षणका लागि पुग्नु भएका मन्त्री पाठकलाई नेपाल परिवार नियोजन संघ कास्कीका सभापति नवीन सिग्देल सहितका पदाधिकारी, सदस्य र कर्मचारीहरुले स्वागत गर्नुभएको थियो । निरीक्षणका क्रममा मन्त्री पाठकले संघले प्रदान गर्दै आइरहेका सेवा, संघका समस्या र आवश्यकताका बारेमा जानकारी लिनुभएको थियो । संघका गतिविधि बारे



बरिष्ठ शाखा प्रवन्धक नब राज तिवारीले जानकारी दिनुभएको थियो । निरीक्षण पछि मन्त्री

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## दाहाल र नेपालबीच छलफल

**रासस**
काठमाडौं, १७ कार्तिक

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' र नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालबीच छलफल भएको छ।

एकीकृत समाजवादीको केन्द्रीय कार्यालयमा सोमबार भएको छलफलमा यही कात्तिक १९ गते भृकुटीमण्डपमा हुने एकता राष्ट्रिय सम्मेलनको तयारी, आठ वाम शक्तिको एकतासभा, घोषणापत्र, अन्तरिम विधान पारित, केन्द्रीय समितिको गठनलगायतका विषयमा कुराकानी भएको एकीकृत समाजवादीका नेता ताजमोहम्मद मियाँले जानकारी दिनुभयो। मुलुकमा पछिल्लो विकसित राजनीतिक घटनाक्रमका वामपन्थी ध्रुवीकरण, राष्ट्रिय तथा अन्तरराष्ट्रिय राजनीतिक परिस्थितिबारे समीक्षा गरिएको मियाँले बताउनुभयो।

दुई पार्टीका प्रमुखबीचको भेटघाटमा माओवादी केन्द्र र एकीकृत समाजवादी पार्टीबीच भएका सहकार्य तथा वाम एकतापछिको सैद्धान्तिक आधार र प्रक्रियागत विषयमा समेत छलफल भएको थियो।

नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादीलगायत आठ वाम पार्टीबीच एकीकरण गर्ने सैद्धान्तिक सहमतिपछि भएको छलफलमा अन्य कम्युनिष्ट शक्तिलाई एकताबद्ध गर्न भएका प्रयास, अन्तरराष्ट्रिय तहमा शक्ति राष्ट्रबीच भएका युद्ध र त्यसको प्रभावबारे छलफल गरिएको जनाइएको छ।

## 'जेनजी' प्रदर्शनमा मृत्यु भएका ४५ जनालाई सहिद घोषणा

**रासस**
काठमाडौं, १७ कार्तिक

सरकारले गत भदौ २३ र २४ गते 'जेनजी' प्रदर्शनका क्रममा मृत्यु भएका ४५ जनालाई सहिद घोषणा गर्ने निर्णय गरेको छ।

सोमबारको मन्त्रिपरिषद् बैठकले प्रदर्शनका क्रममा काठमाडौंलगायत मुलुकका विभिन्न भागमा मृत्यु भएका ४५ जनालाई राज्यका तर्फबाट सहिद घोषणा गर्ने निर्णय भएको सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जानकारी दिनुभयो।

गृह मन्त्रालयअन्तर्गत सहसचिव नेतृत्वमा रहेको समिति र विभिन्न जिल्ला प्रशासन कार्यालय, सरोकार भएका, सुरक्षा निकाय सबैतिरबाट आएको अध्ययनका आधारमा हाल ४५ जनालाई सहिद घोषणा गरिएको उहाँले बताउनुभयो। अन्य मृतकबारे अध्ययन भइरहेको र त्यसबाट निक्यौंल भएअनुसार निर्णय गरिने मन्त्री खरेलले बताउनुभयो।

सरकारले विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा भएको इलाम जिल्लाका प्रभावित स्थानीय तहहरूलाई सहयोग उपलब्ध गराउन आवश्यक पर्ने रकम रु पाँच करोड ३० लाख विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने निर्णय गरेको छ । यस्तै, वैदेशिक रोजगार न्यायाधीकरणको सदस्यमा सहन्यायाधीवक्ता घनश्याम ओझालाई तोक्ने निर्णय भएको छ । मन्त्रिपरिषद्ले बेपत्ता पारिएका व्यक्तिको छानबिन-सत्य निरुपण मेलमिलाप कोष सञ्चालन नियमावली २०८२ स्वीकृतसमेत गरेको छ।

## पर्यटक बोलाउन 'जाउँ है बेगनास पोखरा' कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, १७ कार्तिक

होटल तथा रेष्टुरेन्ट एशोसिएसन, लेखनाथको आयोजना एवम् नेपाल पर्यटन बोर्ड र पोखरा भ्रमण वर्ष २०२५ को सहयोगमा आइतबारदेखि पश्चिम नेपालमा जाउँ है बेगनास पोखरा कार्यक्रम सञ्चालन गरिएको छ।

पश्चिम नेपालका बुटबल, बर्दिया, सुर्खेतलगायतका क्षेत्रलाई लक्षित गरी लेखनाथ क्षेत्रका पर्यटन व्यवसायी एवम् पर्यटन सम्बद्ध ३७ सदस्यीय प्रतिनिधिमण्डल प्रवर्द्धनात्मक कार्यक्रममा निस्केको होटेल तथा रेष्टुरेन्ट एशोसिएसन, लेखनाथका अध्यक्ष वीरभद्र कँडेलले जानकारी दिनुभयो । आन्तरिक पर्यटनको प्रवर्द्धनसँगै पर्यटकीय साझेदारी बढाउने उद्देश्यका साथ कार्यक्रम आयोजना गरिएको उहाँले बताउनुभयो । यसैबीच





टोलीले लुम्बिनी प्रदेशको बुटवलमा यहाँका पर्यटन व्यवसायीसँग आज अन्तरक्रिया गरेको छ।

कार्यक्रममा होटल तथा रेष्टुरेन्ट एशोसिएसन, लेखनाथका सल्लाहकार एवम् पोखरा भ्रमण वर्ष २०२५ का सहसंयोजक दामोदरभक्त थापाले लेखनाथ क्षेत्रमा रहेका रामसार सूचिमा सूचिकृत बेगनासताल, रुपाताललगायतका सात तालले पर्यटकीय सम्भावना बोकेको बताउनुभयो। पोखरासहित लेखनाथ क्षेत्रका पर्यटकीय गन्तव्यमा आउन उहाँले बुटवलका पर्यटन व्यवसायीसँग आग्रह गर्नुभयो । पर्यटकीय साझेदारीका लागि आफूहरू तयार रहेको उहाँको भनाइ थियो। होटेल तथा रेष्टुरेन्ट एशोसिएसन, लेखनाथका अध्यक्ष कँडेलले पोखरा आएका पर्यटकलाई बुटवल पठाउने र बुटवल आएका पर्यटकलाई पोखरा पठाएर दुवै क्षेत्र लाभान्वित बन्ने धारणा राख्नुभयो ।होटल तथा रेष्टुरेन्ट एशोसिएसन रुपन्देहीका अध्यक्ष माधवकुमार खनालले पोखरासँग रुपन्देही पर्यटकीय साझेदारीका लागि तयार रहेको बताउँदै आफूहरूले बुटवलमा आएका पर्यटकलाई पोखरा पठाउने गरेको बताउनुभयो । रुपन्देही गौतमबुद्धको जन्मस्थलसँगै धेरै ऐतिहासिक महत्वका स्थलरहको उहाँले जानकारी दिनुभयो ।

पोखरा महानगरपालिकाका लेखा अधिकृत छविलाल शर्माले आपसी भाइचारासँगै साझेदारीले दुवै गन्तव्य लाभान्वित हुने बताउनुभयो । होटेल तथा रेष्टुरेन्ट एशोसिएसन, लेखनाथका महासचिव सुरेश लामिछानले तीन दिने प्रवर्द्धनात्मक कार्यक्रमका साथ सो टोली बर्दिया हुँदै सुर्खेतसम्म पुगी पर्यटन सम्बद्ध व्यवसायीसँग छलफल एवम् अन्तरक्रिया गरी पोखरा फर्कने जानकारी दिनुभयो । छलफलमा बुटवल क्षेत्रका पर्यटन व्यवसायी एवम् सञ्चारकर्मीको उपस्थिति थियो ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# १९ गतेको साँझ सत्य युवा क्लवको प्रेरणादायी सांगीतिक फेस्ट

**पोखरापत्र संवाददाता**
पोखरा, १७ कार्तिक

संगीत केवल मनोरञ्जनको माध्यम होइन, समाज रुपान्तरणको शक्तिशाली आवाज पनि हो । यस्तै सन्देश बोकेर सत्य युवा क्लब बि १३ले पोखरा महानगरपालिका वडा नं १३ स्थित भद्रकाली चोकमा आगमी १९ गते म्युजिकल फेस्ट २०२५ गर्ने भएको छ । क्लबको यो प्रयास केवल मञ्चमा गुञ्जिने स्वर होइन, जीवनमा परिवर्तन ल्याउने स्वर हो । शिक्षा, स्वास्थ्य र खेलकुदको विकासका लागि यो ताल र स्वरको यात्रा सुरु सागीतिक कार्यक्रमवाट गर्न लागेको हो ।




वि.स.२०४६ सालमा स्थापना भएदेखि नै सामाजिक उत्तरदायित्वमा सक्रिय क्लबले बुधवार २० औं म्युजिकल फेस्ट प्रस्तुत गर्दै छ । १९ औं पटकसम्म कालरात्रीको दिनलाई छोपेर भव्य र सव्य कार्यक्रम गरिसकेको छ । यस पटक देशको परिस्थिति अनुकुल नभएको कारण तीहार पछिको पुर्णिमाको दिन मिति तय भएको हो । 'संगीतमा समाज' नाम दिइएको कार्यक्रममा चर्चित कलाकार हरूका प्रस्तुति, युवाहरूको जोश र सहयोगी मनहरूको सहभागितामा पोखरा नै गुञ्जिने छ । क्लवका अध्यक्ष हितमान गुरुङ भन्छन्- "हामीले मनोरञ्जनका नाममा होइन, योगदानका नाममा कार्यक्रम गर्दैछौं । हाम्रो सानो प्रयासले धेरै बालबालिकाको भविष्य उज्यालो बनाउन सक्छौं भन्ने विश्वास छ ।"कार्यक्रमको खर्च कटाएर बचत रकम विद्यालयमा छात्रवृत्तिदेखि खेल मैदान सुधार, स्वास्थ्य शिविर सञ्चालन, सल्लाघारी डाँडामा पार्क निर्माण लगायत आवश्यकता अनुसार समाजमा आइ पर्ने हरेक समस्यामा मलाम लगाइने छ । क्लव स्थापनादेखी युवाहरूको जोश, स्वर र सामाजिक चेतनाको लयमा यो क्लबको यात्रा अघि बढ्दै आज २० औं फेस्ट गर्न लागिएको अध्यक्ष हितमानले पोखरापत्रलाई वताए ।

क्लवको यो सांगीतिक अभियानले प्रमाणित गरिदिएको छ- जव स्वरमा भावना मिसिन्छ, तव गीत पनि परिवर्तनको शक्ति बन्छ । अध्यक्ष गुरुङका अनुसार सांगीतिक साँझमा जोन एण्ड दि लोकल्स ड्रिर्मज, शैलु राई लगायतको प्रस्तुती रहने छ । उक्त कार्यक्रमका लागि टिकट शुल्क प्रि-सेल एक हजार र डोर-सेल एक हजार पाँच सय रुपैयाँ तोकिएको छ । उक्त कार्यक्रमका लागि बाझापाटन (बि १३) हङकङ, युके, युएसए, फ्रान्स, पोर्चुगल, युएई, क्रोशिया, पोल्याण्ड, मकाउ र जापानको सहयोग रहेको छ । रोजगारको शिलशिलामा विदेश पुगेका युवाहरुले आफ्नो ठाउँको विकासका लागि विदेशमा समेत शाखा स्थापना गरि हरेक वर्ष विभिन्न सामाजिक कार्य गर्दै आइरहेको अध्यक्ष गुरुङले पोखरापत्रलाई बताए । उता पोखराका समाजसेवी देखी विभिन्न संघसंस्थाहरुवाट स्वतस्फुर्त सहयोग आइरहेको अध्यक्ष गुरुङले पोखरापत्रलाई भने । पहिलो सागीतिक कार्यक्रम साथीहरुको सहयोगमा दिपक गुरुङ मइलाले भद्रकाली स्कुल अगाडिको खुल्ला चौरमा काठको मोडा पन्छाएर सुरु गरिएको कार्यक्रमको स्मरण गर्दै आज प्रविधि मैत्री तरिकाले गर्न लागिएकोमा पोखरापत्रलाई खुशी साटे । गीतको लयमा झुमेको त्यो साँझ केवल मनोरञ्जनका लागि मात्र होइन, त्यो साँझले एउटा सन्देश दिने माइलाले भने । मनोरञ्जन पनि समाज परिवर्तनको उत्तम माध्यम बन्नेमा माइलाको जोड छ । गत वर्षका सागीतिक साँझ भन्दा अझ यस वर्ष प्रविधिको धेरै प्रयोग सँगै शन्ति सुरक्षाको राम्रो व्यवस्था गरिएको क्लवका अध्यक्ष गुरुङले पोखरापत्रलाई बताए ।

# सहारा विद्यालयमा सहारा क्लबलाई बधाई तथा शुभकामना

**पोखरापत्र संवाददाता**
पोखरा, १७ कार्तिक

पोखरा- ९, बसपार्कको सहारा बाल आधारभूत विद्यालयमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा बहुचर्चित सहारा क्लब पोखराको २७औं बार्षिक साधारण सभा एवं. १४ औं अधिवेशनबाट नवनिर्वाचित टिमलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गरेको छ ।

विद्यालयको स्थापनाकाल देखि हाल सम्म शैक्षिक क्षेत्रमा विभिन्न समयमा नजिकबाट रहेर उल्लेखनीय रुपमा सहयोग गर्दै आईरहेको यस संस्थालाई विद्यालयमा एक कार्यक्रमबिच प्रमुख अतिथि पोखरा म.न.पा वडा नं. -०९,का वडा अध्यक्ष दिपेन्द्र मर्सानी र सभा अध्यक्ष विक्रम थकालीको आतिथ्यतामा विद्यालयको तर्फबाट नवनिर्वाचित टिमलाई टिका माला पहिराई स्वागत र सम्मानका साथ विद्यालयका प्रधानाध्यापक लोचना कुमारी अधिकारीले स्वागत मन्तब्य राख्दै सबै नव निर्वाचित टिमलाई कामना व्यक्त गरेकी थिईन् । कार्यक्रम बिच निवर्तमान सहारा क्लब पोखराका अध्यक्ष तथा विद्यालयका पूर्व सल्लाहाकार केसब राज बराल लाई विद्यालयको तर्फबाट सम्मान स्वरुप उहाँको योगदानको कदर गर्दै सम्मान पत्र प्रदान भएको थियो ।




यससँगै जाईका संस्था बाट अन्ना चुसिमा नाम गरेको स्वयंमसेवक शिक्षकलाई समेत स्वागत गरीएको थियो । मन्तब्यका क्रममा नव निर्वाचित सहारा कल्बका अध्यक्ष केशब बहादुर थापाले यो कार्यक्रमको आयोजनाले सहारा बिद्यालय र सहारा क्लब झनै नजिक रहने र आपसमा सहयोग तथा साझेदारी कायमै रहने प्रतिबद्दता व्यक्त गरे ।

प्रमुख अतिथि वडा अध्यक्ष दिपेन्द्र मर्सानीलेले नव निर्वाचित टिमलाई बधाई तथा आगामी कार्याकालको शुभकामना व्यक्त गर्दै दुबै संस्थामा आफू जिम्मेवार रहेको र साथ सहयोग रहिरहनेकुराको विश्वास दिलाए । विद्यालयका अध्यक्ष विक्रम थकालीले नवनिवाचित टिमलाई बधाई तथा शुभकामना व्यक्त गर्न पाउँदा खुशि प्रकट गर्दै विद्यालयको उन्नती र विकासमा सहारा क्लबले खेल्दै आएको भूमिका उल्लेखनीय रहेको बताए । आगामी दिनमा पनि सहारा क्लब पोखराको सहयोग, सद् भाव, पाईरहेमा विद्यालयले आफ्नो उचाई लिनेकुराको विश्वास व्यक्त गरे । विद्यालयका शिक्षक सागर पौडेलले सञ्चालन गरेको कार्यक्रममा विद्यालयका समिति, सहारा क्लब परिवार, शिक्षक तथा विद्यार्थीहरुको गर्भिलो उपस्थिति रहेको थियो ।

# पोखरा रंगशालामा अब ५ वर्षका लागि फ्री वाइफाइ

**पोखरापत्र संवाददाता**
पोखरा, १७ कार्तिक

पोखरा रंगशाला फ्री वाइफाइ जोनको रूपमा विकसित गरिने भएको छ। वर्ल्ड लिंक कम्युनिकेशन लिमिटेडको प्रविधिक सहकार्यमा जिल्ला खेलकुद विकास समिति कास्कीले रंगशालामा निःशुल्क इन्टरनेट सेवा उपलब्ध गराउने गरी सम्झौता गरेको हो ।



उक्त सम्झौता पत्रमा समितिका अध्यक्ष मिलन गुरुङ र वर्ल्ड लिंक कम्युनिकेशनका गण्डकी जनसम्पर्क अधिकृत यूसुफ श्रेष्ठले हस्ताक्षर गर्नु भएको हो । सम्झौता आगामी पाँच वर्षका लागि लागु हुने समितिले जनाएको छ । सम्झौता अनुसार, प्रारम्भिक चरणमा रंगशालाका पाँच स्थानमा–मुख्य गेट, भलिबल प्रशिक्षण केन्द्र, बहुउद्देश्यीय कभर्ड हल (हल भित्र रहेको नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको मिडिया सेन्टर), क्रिकेट मैदान, टेनिस कोर्ट र फुटबल स्टेडियम वरपर–फ्री वाइफाइ सेवा जडान गरिने भएको हो । समितिका अध्यक्ष गुरुङका अनुसार, "आजको सम्झौताले पोखरा रंगशालालाई आधुनिक प्रविधिसँग जोड्ने काम गर्ने छ, अब दर्शकहरूले खेल हेर्दै आफ्ना परिवार र साथीहरूसँग प्रत्यक्ष रूपमा कुराकानी गर्न वा खेलको झलक साझा गर्न सक्नेछन् ।" वर्ल्ड लिंक कम्युनिकेशनले उक्त परियोजनामा करिब ३० लाख रुपैयाँ लगानी गर्ने जनाएको छ । कम्पनीका जनसम्पर्क अधिकृत श्रेष्ठले पोखराको खेलकुद विकासका लागि यो सानो तर महत्वपूर्ण सहयोग भएको बताउनु भयो । सामाजिक उत्तरदाहित्व अर्न्तगत खेल क्षेत्रमा उक्त सहयोग गरेको उहाँले जनाउनु भयो । सम्झौता कार्यक्रमका क्रममा वर्ल्ड लिंकका प्रोजेक्ट म्यानेजर विरेन्द्र थापा, समिति उपाध्यक्ष तिलक बहादुर अधिकारी क्षेत्री लगायतको सहभागिता रहेको थियो । आगामी दिनमा पोखरा रंगशालामा सञ्चालन हुने प्रतियोगिता तथा प्रत्यक्ष प्रसारणमा वर्ल्ड लिंक इन्टरनेट पार्टनरका रूपमा समावेस गर्नुपर्ने छ । एकै पटकमा करिब ३ हजार जनाले उक्त इन्टरनेट सेवा लिन सक्ने कम्पनीले दाबी गरेको छ ।

# पोउवा संघले थाल्यो व्यापार मेला र क्यान इन्फोटेकको तयारी

**पोखरापत्र संवाददाता**
पोखरा, १७ कार्तिक

पोखरा उद्योग वाणिज्य संघले यही आउँदो मंसिर १७ देखि २१ गतेसम्मको लागि घोषित '३४ औं राष्ट्रिय औद्योगिक व्यापार मेला-२०८२,पोखरा एवं १३ औं क्यान इन्फोटेक २०८२ को तयारी सुरु गरेको छ । आयोजना गर्ने भएको छ ।

संघका अध्यक्ष तथा मेला कार्यसम्पादन समितिका संयोजक गोकर्ण कार्कीका अनुसार पोखरा ९,प्रदर्शनी केन्द्रमा मेला आयोजना गरिने छ । संघले मेलालाई विशुद्ध स्वदेशी उत्पादन तथा सेवाहरूको बजार पहिचान, प्रवर्द्धन तथा प्रचार-प्रसार,पोखराको पर्यटन र व्यापार प्रवर्द्धन, उत्पादक र उपभोक्ताबीच प्रत्यक्ष सम्बन्ध स्थापना,पोखरालगायत सम्पूर्ण राष्ट्रको औद्योगिक, कृषिजन्य उत्पादन, हस्तकलाका उत्पादन, सूचना प्रविधि, शिक्षा, स्वास्थ्य, पर्यटनलगायत कृषिजन्य उत्पादनहरुलाई प्रवर्द्धन तथा बजारीकरणमा सघाउ पुर्‍याउने उद्देश्यमा समर्पित गरिएको अध्यक्ष कार्कीको भनाइ छ ।

अध्यक्ष कार्कीले यो पटकको मेला गएको भदौ २३ र २४ गते भएको जेनजी आन्दोलन र त्यही उपक्रममा भएको ध्वंशात्मक गतिविधिले पीडित निजी क्षेत्रलाई थोरै भए पनि ढाडस दिन,उद्योग/व्यवसायलाई पुनः लयमा फर्काउन एवं आम नगारिकको दुःख बिर्साउने उद्देश्यमा समर्पित रहेको बताए ।

'जेन-जीको पवित्र आन्दोलनमा अवान्छित तत्वबाट निजी क्षेत्रमाथि भएको आक्रमणले खस्किएको निजी क्षेत्रको मनोवल उकास्न तथा क्षतिपूर्तिका लागि सरकारबाट भएका प्रयत्नले उत्साह जगाएको छ । नीतिगत निर्णय गर्ने काम सरकारकै हो तर हामी हात बाँधेर बस्न सक्दैनौं,'उनले भने,'आम नागरिकको दुःख भुलाउन,उद्योग/व्यवसायलाई लयवद्ध तुल्याउन केही त गर्नैपर्छ । यही भावनाले अभिप्रेरित हुँदै तथा सशस्त्र द्वन्द्वकालको परिस्थिति सम्झँदै पोखरा उद्योग वाणिज्य संघले आउँदो मंसिर १७ देखि २२ गतेसम्मको लागि मेला तय गरेको हो । उनले यो मेला दुःख बिर्साउन, निजी क्षेत्रको एकता र शक्ति प्रदर्शन गर्न एवं ध्वंशात्मक गतिविधिलाई सदाको लागि निषेधको आह्वान गर्ने यज्ञ हुने जिकिर पनि गरे । 'ध्वंश भएको छ तर हामी उठ्ने सामर्थ्य राख्छौं र कर्मबाट च्यूत हुँदैनौं भन्ने सन्देश प्रवाह गर्नु पनि हाम्रो यो मेलाको पुनितः उद्देश्य रहने छ,'उनले थपे ।

मेलाका प्रायोजक व्यवस्थापन उपसमिति संयोजक तथा संघका उद्योगतर्फका उपाध्यक्ष दीनेशचन्द्र बास्तोलाले मेला सफल बनाउन उद्योग/प्रतिष्ठानहरुबाट सहयोगको प्रतिवद्धता आउन थालेको बताए । उनका अनुसार पोखरा महानगरपालिकाको संरक्षकत्वका आयोजना हुने मेलाले व्यवसाय प्रवर्द्धनको अवसरसमेत सिर्जना गर्ने भएकाले सहयोगीहरुले सहकार्यको हात अगाडि बढाएका हुन् ।

संघकी महासचिव शोभा गौतमका अनुसार ३४ औं संकरणको मेलामार्फत् उद्योग व्यवसाय क्षेत्रको समुचित विकासका साथै स्वदेशी उत्पादनहरुको निर्यात प्रवर्द्धन एवं आन्तरिक बजार सुदृढीकरण र आयात प्रतिस्थापन गरी समग्र गण्डकी प्रदेशको उद्योग व्यवसायको प्रवर्द्धन र उद्यमशिलता विकासको लक्ष्य पनि लिइएको छ ।

मेलालाई मनोरञ्जनात्मकभन्दा पनि उद्यमशिलता विकासको थलो बनाउनकै लागि यसपटक समयावधि घटाएर ५ दिनको बनाइएको उनको भनाइ छ ।

# दलित एकता सञ्जाल र स्वयंसेवी रक्तदाता समाजद्धारा रक्तदान कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, १७ कार्तिक

दलित एकता सञ्जाल नेपाल, कतार तथा नेपाल स्वयंसेवी रक्तदाता समाज कास्कीको संयुक्त आयोजनामा खुल्ला रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।




विश्वकर्मा समाज नेपाल, परियार सेवा समाज जिल्ला समन्वय समिति कास्की, मिजार समाज गण्डकी प्रदेश, पश्चिमाञ्चल क्षेत्रीय अस्पताल ट्याक्सी सेवा केन्द्रको सहयोगमा भएको उक्त रक्तदान कार्यक्रममा २६ जना रक्तदाताले रक्तदान गरेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि नेपाल सुन चाँदी रत्न तथा आभूषण महासंघका अध्यक्ष किसान सुनारले ब्लड व्याग हस्तान्तरण गरी कार्यक्रमको उद्घाटन गरेका थिए ।

कार्यक्रममा बोल्दै नेपाल सुन चाँदी रत्न तथा आभूषण महासंघका अध्यक्ष किसान सुनारले विभिन्न संघ संस्थाले गर्ने यस्ता खालका रक्तदान कार्यक्रमले गर्दा रगत अभावमा छटपटाइरहेका विरामीलाई बचाउन सकिएको उल्लेख गरे ।

नेपाल रेडक्रस सोसाइटी गण्डकी प्रदेशका अध्यक्ष सूर्यप्रसाद ढकालले विभन्न समयमा हुने रक्त दानका कारण पोखरामा रगत अभाव नभएको बताए । विश्वकर्मा समाज नेपालका अध्यक्ष रत्न बहादुर विकले रक्तदान कार्यक्रम उदाहरणीय रहेको बताए । नेपाल जिम्न्याष्टिक संघ गण्डकी प्रदेशका महासचिव प्रकाश चन्द्र सापकोटाले रगत अभावलाई परिपूर्ति गर्न यस्ता खालका कार्यक्रमहरु आवश्यक रहेको बताए । स्वयंसेवी रक्तदाता समाज कास्कीले कास्कीमा रगत अभावको परिपूर्ति गर्ने र समाजमा विभिन्न खालका जनतेतनामूलक कार्यक्रम गर्दै आएको छ ।

दलित एकता सञ्जाल नेपाल, कतार तथा नेपालका अध्यक्ष प्रकाश विश्वकर्माको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा स्वयंसेवी रक्तदाता समाज कास्कीका अध्यक्ष दिपेन्द्र अधिकारीले स्वागत र सदस्य हिरामणी भूषालले कार्यक्रम सञ्चालन गरेका थिए ।

# स्वास्थ्य ...

पाठकले स्वास्थ्य मन्त्रालय नेपाल परिवार नियोजन संघ कास्की सँग सहकार्य गर्न तयार रहेको बताउनुभयो । मन्त्रालय र संघ बीच छलफल गरी कसरी अघि बढ्ने विषयमा टुङ्गोमा पुग्ने उहाँको भनाइ छ । नेपाल परिवार नियोजन संघ कास्कीका सभापति नवीन सिग्देलले स्वास्थ्यका क्षेत्रमा काम गर्नका लागि हुटहुटी रहेपनि सुन्य बजेटका कारण काम गर्न नसकिएको उल्लेख गर्नुभयो । पोखरा १२ उपकार मार्ग स्थित संघको कार्यालयमा परिवार नियोजन, सुरक्षित गर्भपतन, सुरक्षित मातृत्व, यौनजन्य रोगको परामर्श तथा उपचार, एच.आई.भि.परिक्षण तथा परामर्श, पाठेघरको मुखको क्यान्सर सम्बन्धि प्रारम्भिक परिक्षण तथा परामर्श, यौनिक तथा लैङ्गिकतामा आधारित हिंसामा परेकालाई परामर्श तथा उपचारका साथै यौन तथा प्रजनन् स्वास्थ्य संग सम्वन्धित सम्पूर्ण सेवाहरु लगायत प्रयोगशाला सम्वन्धि सेवाहरु पनि उपलव्ध छ । संघले पछिल्लो पटक असोज देखि भिडियो एक्सरे सेवा समेत संचालनमा ल्याएको छ ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

## सुक्तिसुधा

एक टन सिद्धान्तको तुलनामा एक औंस कामको धेरै मूल्य हुन्छ ।

– फ्रेडरिक एंगेल्स

## सम्पादकीय

# वामदलहरुको एकता प्रक्रिया

जेनजी आन्दोलनले देशका ठूला, साना सबै दलमा हलचल ल्याएको छ । लामो समयदेखि सरकारको नेतृत्व गरेका र सहभागी भएका दलहरुमा विवाद देखिएको छादलहरु विभाजित हुने र जुट्ने काम पनि भएको छाअस्तितत्व रक्षा गर्नुपर्ने अवस्थामा पुगेका र विगतको हैसियत फुस्केका दलमा पुनर्संरचनाको र पुस्तान्तरणको माग उठेको छानेतृत्वबाट विदा लिनुपर्ने स्थितिमा पुगेका नेताहरू पद लम्ब्याउन एकता प्रक्रियामा जुटिरहेका छन । वामपन्थी दलहरूबीच एकीकृत पार्टी गठन गर्ने सहमति भएको छ ।

आइतबार सार्वजनिक गरिएको 'पार्टी एकता सहमति पत्र'मा नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), नेपाल समाजवादी पार्टी, नेकपा (समाजवादी), जनसमाजवादी पार्टी, नेपाल कम्युनिस्ट पार्टी (माओवादी-समाजवादी) र नेकपा (साम्यवादी) ले हस्ताक्षर गरेका छन् । कतिपय पार्टी र नेतृत्व कसरी हुनेरहेछ छर्लंग भएको छ । सहमति पत्रमा समाजवादी क्रान्तिको लक्ष्य पूरा गर्न वृहत्तर कम्युनिस्ट आन्दोलनको एकीकरण अहिलेको ऐतिहासिक आवश्यकता भएको उल्लेख गरिएको छ ।

सहभागी दलहरूले संघीय लोकतान्त्रिक गणतन्त्र, राष्ट्रिय स्वाधीनता, सुशासन, सामाजिक न्याय र आर्थिक-सामाजिक रूपान्तरणका उपलब्धिहरूको रक्षा गर्दै वैज्ञानिक समाजवादको दिशामा अघि बढ्ने बताएका छन् । सहमति अनुसार पार्टीको मार्गनिर्देशक सिद्धान्त माक्सवाद-लेनिनवाद हुनेछ । तत्कालीन कार्यनीति पूँजीवादी जनवादी क्रान्तिका उपलब्धिहरूको रक्षा र समाजवादको आधार तयार गर्न केन्द्रित हुनेछ । आन्दोलनको स्वरूप शान्तिपूर्ण रहने र परिस्थिति अनुसार सडक, सदन र सरकार सबै मोर्चामा क्रियाशील हुने उल्लेख छ । एकता प्रक्रियाअनुसार आगामी कात्तिक १९ गते एकता राष्ट्रिय सम्मेलन आयोजना गरिने छ ।

उक्त सम्मेलनबाट पार्टी एकताको घोषणा, घोषणा पत्र, अन्तरिम विधान र केन्द्रीय समिति गठन गरिने बताइएको छ । त्यसपछि आगामी छ महिनाभित्र एकता राष्ट्रिय महाधिवेशन आयोजना गरिनेछ । नयाँ पार्टीको केन्द्रीय संरचना केन्द्रीय समिति, राजनीतिक समिति, सचिवालय र कार्य संयोजन समिति हुने सहमति भएको छ । पार्टीको नाम तय गरिएको छै भने चुनाव चिन्ह 'पाँच कुने तारा' हुने भएको छ ।

सहमति पत्रमा पार्टीको सञ्चालन सामूहिक नेतृत्व र जनवादी केन्द्रीयताका सिद्धान्तअनुसार हुने उल्लेख छ । यसका साथै, राजनीतिक प्रतिवेदन, कार्यक्रम र संगठनात्मक समायोजनका लागि विभिन्न तहमा कार्यदल गठन (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपाल, नेपाल समाजवादी पार्टीका अध्यक्ष महिन्द्र राय यादव, जनसमाजवादी पार्टीका अध्यक्ष सुवासराज काफ्ले, नेकपा (समाजवादी)का अध्यक्ष राजु कार्की, नेकपा (माओवादी-समाजवादी)का अध्यक्ष चिरन पुन र नेकपाको जुन कदम स्वागतयोग्य छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : शुभ यात्रा |
| कर्कट | : शारीरिक झमेला | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : मानसिक तनाब | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : ब्यापारमा लाभ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# मुस्ताङको नरसिंह खोला नुन खानी खोंचमा थुनियो

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १७ कार्तिक

यहाँको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-३ स्थित नुन खानी खोंचमा पहिरो जाँदा नरसिंह खोला थुनिएको स्थानीय प्रशासनले जनाएको छ ।

शनिबार रातिदेखि खोला थुनिएर थुनिएको स्थान भन्दा मुनि पानी सुकेको स्थानीयले आज बिहान जानकारी गराएको मुस्ताङका प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसालले जानकारी दिनुभयो । "खोलाको पानी पुरै थुनिएको छ, अलिअलि मात्रै रसाएको देखिन्छ," प्रजिअ भुसालले भन्नुभयो, "आज दिउँसो नेपाली सेनाको ड्रोनमार्फत थुनिएको स्थान खोजी गर्‍यौं, नुन खानी नजिक दुईतर्फी पहिरो गएर खोलाको पानी ताल बनेको पाइयो ।"

सेनाले खोला थुनिएर ताल बनेको स्थानको तत्काल विश्लेषण गर्दा भोलिसम्म ताल नभरिने र नफुट्ने जानकारी प्राप्त गरेको प्रजिअ भुसालले बताउनुभयो । सेनाको ड्रोनमार्फत लिएको तस्बीर हेर्दा खासै ठुलो ताल बनेको जस्तो नदेखिएको उहाँको भनाइ छ । खोलाको पानी सुकेसँगै खोलातर्फको सडकबाट आउजाउ गर्ने सवारी साधन नचलाउन र मानिसलाई ओहोरदोहोर नगर्न जिल्ला प्रशासनले सूचना जारी गरेको छ । वारागुङ-३ स्थित प्राचीन नुन खानी तेताङ गाउँको उत्तर/पूर्वमा पर्छ । तेताङबाट पैदल एक घण्टा यात्रामा पुग्ने सकिने नुनखानी दुई अग्ला अग्ला विशाल पहाडको खोंचमा पर्छ ।

"थुनिएको खोलाको ताल फुटेर तल छुसाङको तटीय बस्तीमा हुने जोखिम कम भएको हामीले विश्लेषण गरेका छौं, भोलि बिहान नुन खानीमा पुगेर थुनिएको स्थानलाई निकास दिने विकल्प खोज्छौं," प्रजिअ भुसालले भन्नुभयो । सो स्थान छुसाङबाट डेढ घण्टाको पैदल दुरीमा पर्छ ।

# पहिरोमा पुरिएकी विदेशी पर्यटक फेला परिनन्

**पोखरापत्र संवाददाता**
गोरखा, १७ कार्तिक

मनास्लु क्षेत्रमा गत शुक्रबार पहिरोमा पुरिएकी एक विदेशी महिला पर्यटक चार दिनसम्म भेटिएकी छैनन् ।

मनास्लु भ्रमणबाट फर्कँदै गर्दा गत शुक्रबार चुमनुब्री-३ न्याकफेदी नजिकै पहिरोमा पुरिएकी चेक रिपब्लिककी ५४ वर्षीया क्याटरिना रास्कोभा सोमबार अपराह्नसम्म फेला नपरेको जिल्ला प्रहरी कार्यालय गोरखाले जनाएको छ । नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीयवासीको संयुक्त टोलीले लगातार दुई दिनसम्म खोज्दा पनि फेला पार्न नसकिएको प्रहरी नायब उपरीक्षक राजकुमार श्रेष्ठले बताउनुभयो ।

ठाउँठाउँमा रहेको पहिराका कारण उद्धारकर्ता शुक्रबार र शनिबार घटनास्थलसम्म पुग्न सकेका थिएनन् । पहिरो पन्छाउँदै सो टोली आइतबार घटनास्थल पुगेको थियो । उनको साथमा रहेका श्रीमान् र गाइडले भने भागेर ज्यान बचाएका थिए ।


## विमा लेख हरायो

**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।**

**नामः योहान गुरुङ**
**विमा लेख नं. १३००८२११२**
**ठेगानाः पोखरा–१३, बाझापाटन**
**सम्पर्क : लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड पोखरा शाखा**
**फोनः ९८५६०२२२२९**

HIMALAYAN LIFE

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७, पो.ब.नं. २५९७९

**हकदावी सम्बन्धि सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्दीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | Gli 06100010921 | सुनिल पोखेल | विरुवा-४, स्याङजा |
| २ | Gli 0610005101 | संतोषी गुरुङ | अन्नपूर्ण-११, कास्की |
| ३ | Gli 0610004365 | कञ्चन घिमिरे | भोर्लेटार-६, लमजुङ |

## विमा लेख हरायो

**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।**

**नामः योमेन गुरुङ**
**विमा लेख नं. १३००८२१११**
**ठेगानाः पोखरा–१३, बाझापाटन**
**सम्पर्क : लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड पोखरा शाखा**
**फोनः ९८५६०२२२२९**


# बसाइँसराइले म्याग्दीमा घटे मतदाता

**पोखरापत्र संवाददाता**
म्याग्दी, १७ कार्तिक

म्याग्दीमा पछिल्लो तीन वर्षको अवधिमा मतदाताको सङ्ख्या घटेको छ । विसं २०७९ मा भएको प्रतिनिधि र प्रदेशसभा निर्वाचनमा ८६ हजार १२० जना मतदाता रहेको म्याग्दीमा निर्वाचन आयोगले पछिल्लो पटक असोज ८ गते सार्वजनिक गरेको मतदाता नामावली विवरणअनुसार ८४ हजार ५२० जना कायम भएको छ ।

जिल्ला निर्वाचन कार्यालय, म्याग्दीका सूचना अधिकारी गोविन्द थापाका अनुसार अघिल्लो निर्वाचनको तुलनामा एक हजार छ सय जना मतदाता सङ्ख्या घटेको हो । ४१ हजार १७४ जना पुरुष, ४३ हजार ३४५ महिला र एक जना अन्य छन् । मृत्यु भएकाको नामावली हटाएको, दोहोरो परेकाको एक ठाउँमा कायम गरेको र बसाइँसराइ गरेर गएकाको स्थानान्तरण गरिएकाले मतदाता घटेका सूचना अधिकारी थापाले बताउनुभयो ।

यसैगरी म्याग्दीमा पछिल्लो एक महिनाको अवधिमा २३९ जना नयाँ मतदाता थपिएका छन् । निर्वाचन आयोगले गत असोज १० गतेदेखि मतदाता नामावली दर्ताको व्यवस्था मिलाएको थियो । विदेशबाट फर्किएका, नयाँ नागरिकता लिएकाहरूले मतदाता नामावली दर्ता गर्न आइरहेका जिल्ला निर्वाचन अधिकारी बिमलप्रसाद गौतमले बताउनुभयो । आगामी फागुन २१ गते घोषणा भएको निर्वाचनका लागि मतदाता नामावली दर्ता, अद्यावधिकसँगै मतदानस्थलको अवस्था अध्ययन थालेको उहाँले बताउनुभयो । यसअघि मतदानस्थल रहेको ठाउँमा विपद्ले क्षति पुगेको र अन्य कारणले स्थानान्तरण तथा गाभ्नुपर्ने भएमा सोको विवरण पठाउन स्थानीय तहलाई निर्वाचन कार्यालयले पत्राचार गरेको छ ।

अघिल्लो निर्वाचनमा म्याग्दीमा ८२ वटा मतदानस्थलमा ११९ मतदान केन्द्र र जिल्ला कारागारमा एक वटा अस्थायी मतदान केन्द्र थिए । प्रतिनिधिसभामा एकवटा निर्वाचन क्षेत्र रहेको म्याग्दीका छवटा स्थानीय तहमा ४५ वटा वडा छन् ।

# पायक पर्ने स्थानमा निःशुल्क आँखा शिविर सञ्चालन गर्दा ...

**पोखरापत्र संवाददाता**
बागलुङ, १७ कार्तिक



बागलुङको ढोरपाटन नगरपालिका-१ बुर्तिबाङमा सञ्चालन भएको आँखा शिविरबाट एक हजार सात जना आँखाका बिरामी लाभान्वित भएका छन् ।

नेपाल नेत्रज्योति सङ्घद्वारा सञ्चालित हिमालय आँखा अस्पताल पोखरा र धौलागिरि आँखा अस्पताल बागलुङको प्राविधिक सहयोगमा लायन्स क्लब अफ ढोरपाटनको संयोजनमा गत शुक्रबारदेखि सुरु भएको सो तीन दिने निःशुल्क आँखा शिविरमा निसीखोला, तमानखोला, बडिगाड गाउँपालिकाका र ढोरपाटन नगरबासी लाभान्वित भएका थिए । शिविरमा आँखा परीक्षणसँगै मोतियाविन्दुको शल्यक्रिया समेत गरिएको थियो । परीक्षणका क्रममा मातियाविन्दु देखिएका ८५ जनाको शल्यक्रिया र परेला आँखाभित्र पसेका दुईजनाको उपचार गरिएको थियो । आँखामा जटिल समस्या भएका १३ जनालाई थप उपचारका लागि सुविधा सम्पन्न अस्पतालमा 'रिफर' समेत गरिएको थियो ।

हिमालय आँखा अस्पताल पोखरामा सेवारत जलविन्दु विशेषज्ञ डा अनिल पराजुली लगायतका चिकित्सक एवं स्वास्थ्यकर्मीको टोलीले शिविरमा आँखा परीक्षण, उपचार र शल्यक्रिया गरेको थियो । निसीखोला-१ का कुमबहादुर मल्लले आफूलाई पायक पर्ने स्थानमा आँखा शिविर मार्फत् सेवा प्राप्त गर्न पाएकामा खुसी व्यक्त गर्नुभयो ।उहाँले भन्नुभयो,"आँखामा समस्या हुँदै आएको थियो । परीक्षण गराउँदा मोतियाबिन्दु भएको देखियो । शल्यक्रिया भयो । अहिले आँखाको ज्योति फर्किदा यो भन्दा आनन्दको क्षण के होला ?" लायन्स क्लब अफ ढोरपाटनका अध्यक्ष तेजिन्द्र खत्रीका अनुसार शिविरमा चार सय ९५ जनालाई आवश्यकताका आधारमा चस्मा वितरण, ३२४ जनालाई औषधि वितरण अन्य आँखा जाँचसँगै आवश्यक परामर्श दिइएको थियो ।

दुर्गम भूगोल, आर्थिक समस्या र चेतनाको अभावका कारण आँखाको समस्या पालेर बसेका नागरिकको सहजताका लागि निःशुल्क आँखा शिविर सञ्चालन गरिएको हो । उहाँले भन्नुभयो, "ग्रामीण भेगका नागरिकले आँखामा सामान्य समस्या भयो भने पोखरा, काठमाडौंका अस्पतालमा जानुपर्ने अवस्था छ, त्यसलाई मध्यनजर गरी लायन्स क्लबले निःशुल्क शिविर संयोजन गरेको हो, शिविरमा धेरै ठाउँमा वृद्धदेखि सबै उमेर समूहका नागरिक आएर सेवा लिनुभयो, यस्ता शिविर निरन्तर गर्दै जाने छौं ।"

# तनहुँमा दोस्रो व्यक्तिमा मलेरियाको सङ्क्रमण

**पोखरापत्र संवाददाता**
दमौली, १७ कार्तिक

तनहुँमा दोस्रो व्यक्तिमा मलेरियाको सङ्क्रमण पुष्टि भएको छ ।

भानु नगरपालिका-११ का ३८ वर्षीय पुरुषमा मलेरियाको सङ्क्रमण पुष्टि भएको हो ।

शान्ति सेना गएर फर्किएका ती युवामा मलेरियाको सङ्क्रमण पुष्टि भएको प्रदेश जनस्वास्थ्य कार्यालय तनहुँका सूचना अधिकारी सुदीप कँडेलले जानकारी दिनुभयो ।


प्रदेश जनस्वास्थ्य कार्यालय, भानु नगरपालिका स्वास्थ्य शाखा, रूपाकोट स्वास्थ्यचौकीका स्वास्थ्यकर्मीले आइतबार समुदायस्तरमा पुगेर उक्त रोगको सक्रिय खोजपड्ताल कार्यक्रम सञ्चालन गरेको कँडेलले बताउनुभयो । उहाँले भन्नुभयो, "शान्ति सेनाबाट फर्किएपश्चात् परीक्षण गर्दा मलेरियाको सङ्क्रमण पुष्टि भएको थियो ।

औषधि उपचारपश्चात् हाल उहाँ सन्चो हुनुभएको छ ।" यसअघि गत साउन महिनामा बन्दीपुरका एक व्यक्तिमा मलेरियाको पहिलो सङ्क्रमण देखिएको थियो । मलेरिया एनाफिलिज जातको लामखुट्टेको टोकाइबाट हुने रोग हो । ज्वरो आउनु, टाउको दुख्नु, धेरै थकान हुनु, पसिना धेरै आउनु यस रोगका लक्षण हुन् ।


भाका भूल दया क्षमा र ममता, सन्तोष जान्दैन त्यो ।
इन्द्रै बिन्ति गरुन झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ।।
थुप्रोमा अधिनी मिठो र नमिठो, रोजेर छान्दैन त्यो ।
आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो

## भावपूर्ण श्रद्धाञ्जली तथा समवेदना

जन्मः
वि.सं. १९९४/०९/१४



स्वर्गारोहणः
वि.सं. २०८२/०७/०६

**स्व. सानु माया श्रेष्ठ**

यस मनकामना गुठी परिवारको सदस्य **श्री नारायण कुमार श्रेष्ठ** तथा **सकिला श्रेष्ठ** ज्यूको ममतामयी आमा/सासुआमा **सानु माया श्रेष्ठ** को यहि मिति २०८२ कार्तिक ०३ गते ८८ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्तै स्तब्ध एवं मर्माहत भएका छौं । वहाँको १३औं दिनको पुण्य तिथीमा अमर आत्माको चिरशान्तिको कामनासहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । शोक सन्तप्त परिवार र आफन्तजनमा पर्न गएको अपुरणीय क्षतिप्रति दुःख व्यक्त गर्दै धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भन्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

नायः श्री पूर्ण बहादुर श्रेष्ठ
तथा
मनकामना गुठी परिवार पोखरा

# डाइलाइसिस सेवाले मिर्गौला पीडितलाई राहत

**पोखरापत्र संवाददाता**
बागलुङ, १७ कार्तिक



नियमित मिर्गौलाको डायलाइसिस गराउँदै आउनुभएका यहाँका स्थानीय टेकनाथ शर्माले जिल्लाकै धौलागिरी प्रादेशिक अस्पतालमा डायलाइसिस सेवा पाएपछि राहत महसुस गर्नुभएको छ। उहाँले जिल्लामै डाइलाइसिस सेवा पाउँदा खर्च र समय दुवै बचत भएको बताउनुभयो । सो अस्पतालले हाल ६० जना मिर्गौला पीडितलाई नियमित डाइलाइसिस सेवा दिइरहेको छ।

"मिर्गौला रोगीको सङ्ख्या बढिरहेको छ, उपचार गर्ने उपकरण र जनशक्ति सीमित छ, पोखरामा डायलाइसिस गरिरहेको थिएँ, अहिले जिल्लाकै अस्पतालबाट सेवा पाएको छु, सेवाका कारण खर्च र समय दुबै बचेको छ, घरबाटै आउन जान सकिन्छ," उहाँले भन्नुभयो "अस्पतालले प्रदान गरेको निःशुल्क डायलाइसिस सेवाले राहत मिलेको छ ।" अस्पताल भवन र आवश्यक उपकरण थप भएमा अझै धेरै बिरामीको उपचार गर्न सकिने अस्पतालको भनाइ छ । पछिल्लो समय धौलागिरी प्रादेशिक अस्पतालमा मिर्गौला रोगीको सङ्ख्या बढ्न थालेको अस्पतालले जनाएको छ। एक वर्ष अघिसम्म डायलाइसिसको लागि पालो कुर्नुपर्ने बिरामी शून्य रहेपनि अहिले धेरै बिरामी डायलाइसिस गराउन नाम टिपाउने गरेका छन् ।

अस्पतालले अधिकतम ६० जनालाई नियमित सेवा दिइरहेको छ । जनशक्ति र भवन थप गर्न सकेमा अझै बिरामीको सेवा दिन सकिने अस्पतालका प्रमुख मेडिकल सुपरीटेण्डेन्ट डा किरण तिवारीले जानकारी दिनुभयो।

अस्पतालले गत वर्षमात्रै डायलाइसिस सेवा विस्तार गरेपनि अहिले बिरामीको सङ्ख्या बढेर विभिन्न अस्पतालमा डायलाइसिस गरेर २६ जनाले यस अस्पतालमा पालो पर्खिरहेका छन्। अस्पतालमा मिर्गौलाका बिरामीलाई निःशुल्क उपचार दिन २०७५ सालमा दुई वटा मेशिनबाट सुरु भएको डायलाइसिस सेवा विस्तार गरी हाल ११ मेसिन थपिएपछि मिर्गौला पीडितलाई राहत मिलेको हो । अहिले अस्पतालमा चार चरणमा ६० जना बिरामीले नियमित सेवा लिइराखेको अस्पतालले जनाएको छ । "गत वर्ष मिर्गौलारोगीको प्रतिक्षा शुन्य थियो, तर रोगीको सङ्ख्या वृद्धि भइरहेको छ, अस्पतालमा भौतिक संरचनाको अभाव छभने उपकरण बढाएर ११ पुऱ्याउँदासमेत बिरामी थेग्न समस्या भइरहेको छ," मेसु तिवारीले भन्नुभयो। डायलाइसिस कक्षमा मिर्गौलारोग विशेषज्ञको अभाव छ। तालिम प्राप्त स्टार्फ नर्सको भरमा डायलाइसिस सेवा प्रदान गरिरहेको र आवश्यक पर्दा जनरल फिजिशियनले सहयोग गरिरहेको अस्पतालको भनाइ छ । अहिले आठ जना स्वास्थ्यकर्मी डायलाइसिस कक्षमा सेवा दिइरहेका छन् । अस्पतालमा बिरामीको सङ्ख्या बढ्न थालेपछि डायलाइसिस सेवाका लागि विशेषज्ञ चिकित्सक, उपकरण र भौतिक संरचनाको अभाव देखिन थालेको हो।

# धवलागिरिका जलजला, मुना र मरेनी क्षेत्रमा थप 'रेडपाण्डा' भेटियो

**–सन्तोष गौतम**
म्याग्दी, १७ कार्तिक/रासस

यहाँको धवलागिरि गाउँपालिकाको वडा नं -२ र ३ का जलजला, मुना र मरेनी क्षेत्रमा थप सङ्कटापन्न रेडपाण्डा (हाब्रे) भेटिएका छन् । यसका लागि सो क्षेत्रमा तीन 'क्यामेरा' जडान गरिएकामा दुईमा रेडपाण्डा भेटिएको हो।

"एक महिनासम्म स्थलगत अध्ययनका क्रममा रेडपाण्डाको दिसा भेटिएपछि क्यामेरा ट्यापिङ गरिएको थियो," जैविक विविधता संरक्षण समाज नेपालका कार्यक्रम अधिकृत पवन राईले उहाँले भन्नुभयो "सो क्षेत्रमा छ देखि २५ वटासम्म रेडपाण्डाको बसोबास भएको हाम्रो अध्ययनबाट पुष्टि भएको छ ।" स्थानीयवासीसहित अनुसन्धानकर्ताको टोलीले धवलागिरिको खिवाङ, मुदी, अर्चे, दर, ताकम, बगर, सिम्कोश, इटली आधार शिविर, मरेनी, लुलाङ, गुर्जाखानी, गुर्जा देउराली क्षेत्रमा समेत रेडपाण्डा भए /नभएको स्थलगत अध्ययन गरेका थिए।

स्थानीयवासीले विसं २०८० को असोजमा ढोरपाटन सिकार आरक्षको गुर्जाघाट र २०८१ को मङ्सिरमा मुनाको दहपातल सामुदायिक वनको बञ्चरेडाँडा क्षेत्रमा हाब्रे भेटिएको तस्बिर भिडियो सार्वजनिक गरेका थिए।

विसं २०७३ मा विश्व वन्यजन्तु कोषको र हरियो वन कार्यक्रमको आर्थिक सहयोगमार्फत रेडपाण्डा नेटवर्क र हिमाली संरक्षण मञ्चका अनुसन्धानकर्ताले जलजला क्षेत्रमा पर्ने मरेनीमा रेडपाण्डाको दिसा भेट्टाएका थिए। अनुसन्धानकर्ता लरिसा गौतमले यस क्षेत्रमा रेडपाण्डा देखाउन पर्यटक भित्र्याएर समुदायमा आम्दानी र रोजगारीको अवसर सिर्जना गर्न सकिने जानकारी दिनुभयो । "पर्यटकीय राजधानी पोखरादेखि नजिकै पर्ने जलजला क्षेत्रमा रेडपाण्डासँगै हिमाल, मनमोहक पहाडी भूगोलको अवलोकन गर्न पाउनु रेडपाण्डा पाइने अन्य ठाउँको भन्दा फरक विशेषता छ," उहाँले भन्नुभयो "रेडपाण्डासँग जोडेर खेलकुद प्रतियोगिता , घरवास र पदमार्ग सञ्चालन गर्न सकिन्छ ।" डिभिजन वन कार्यालयका प्रमुख विष्णुप्रसाद अधिकारीले गुर्जा, लुलाङ र मुनाको जङ्गलमा रहेका रेडपाण्डाको एकीन गणना नभए पनि प्रशस्तै रहेको अनुमान गरिएको जानकारी दिनुभयो। रातका समयमा रूखको टोड्कामा बास लिने र दिउँसोमा रूखका हाँगा बसी आराम गर्ने रेडपाण्डा भोक लागेको बेला निगालोको टुसालगायत झारपात खान भूईँमा झर्ने बताइएको छ । रेडपाण्डाका लागि आवश्यक आहारा निगालो तथा पालिङ्गो र टोट्का परेका रुख गूर्जा, लुलाङ र मुनाको जङ्गलमा पर्याप्त छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अन्तर्गत रेडपाण्डालाई संरक्षितको सूचीमा राखिएको छ । रेडपाण्डाको चोरी सिकारमा संलग्नलाई एक वर्षदेखि १० वर्ष कैद र रु एक लाखदेखि पाँच लाखसम्म जरिवाना वा दुवै सजाय हुने कानुनी व्यवस्था छ । पछिल्लो अध्ययन अनुसार हाब्रेको सङ्ख्या नेपालमा पाँच सयदेखि एक हजार वटा रहेको अनुमान गरिएको छ । विश्वमा नेपाल, चीन, भारत, भुटान र म्यानमारमा मात्र हाब्रेको बासस्थान छ । अनुसन्धानकर्ताका अनुसार नेपालमा एलुरेन्स फ्युजन्स जातको हाब्रे रहेको बताइएको छ।

यसैबीच दातृ निकाय टोलेडोजुका आर्थिक सहयोगमा जैविक विविधता संरक्षण समाज नेपाल (वायोकस) नेपालले रेडपाण्डाको बसोबास भएको धवलागिरि -२ र ३ मा पर्ने जलजला, मुना र मरेनी क्षेत्रमा संरक्षण कार्यक्रम लागू गरेको छ । समुद्री सतहबाट दुई हजार दुई सयदेखि चार हजार पाँच सय मिटरको उचाइमा बसोबास गर्ने रेडपाण्डालाई सरकारले सङ्टापन्न वन्यजन्तुको सूचीमा राखेको छ।

जैविक विविधता संरक्षण समाज नेपालका अध्यक्ष लक्ष्मणप्रसाद पौडेलले डिभिजन वन कार्यालय, ढोरपाटन सिकार आरक्ष र सम्बद्ध स्थानीय तहसँग समन्वय गरेर समुदायस्तरमा रेडपाण्डा संरक्षणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने बजानकारी दिनुभयो। "चोरीसिकारी, डढेलो, सडक विस्तार र मानवीय गतिविधिका कारण रेडपाण्डाको सङ्ख्या वृद्धि र संरक्षणमा चुनौती देखिएको छ," उहाँले भन्नुभयो "समुदायस्तरमा रेडपाण्डाको महत्व बुझाएर संरक्षणको प्रयास गरेका हौं।" जनप्रतिनिधि, शिक्षक, विद्यार्थी, युवा क्लब, आमा समूह, सामुदायिक वन उपभोक्ता समूह, किसानलाई रेडपाण्डा संरक्षणमा परिचालन गरिने अध्यक्ष पौडेलले जानकारी दिनुभयो। "हेर्दा आकर्षक देखिने लज्जालु र अल्छी स्वभावको रेडपाण्डाको महत्व नबुझेर अनायासै मार्ने गरेको पाइन्छ," उहाँले भन्नुभयो "रेडपाण्डाको छाला महँगोमा बिक्री हुने भ्रमका कारण अनायासै चोरीशिकार गर्ने समस्या हटाउन सकेमा मात्रै पनि यसलाई जोगाउन सकिन्छ।"


## गण्डकी प्रदेश सरकार
## भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
## ग्रामिण सडक सडक सभाले सुधार आयोजना (RCIP–AF)
## आयोजना कौर्यारवयन इकाई (PIU)
पोखरा, कास्की

## गाडी भाडामा लिने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/०७/१८)

यस ग्रामिण सडक सञ्जाल सुधार आयोजना (RCIP–AF) आयोजनालाई फिन्ड अनुगमनका लागि ४ पाङ्ग्रे 4wd (Four Wheeler) Full Body/Pick Up सवारी साधन भाडामा लिनु पर्ने आवश्यक भएकोले ईच्छुक सवारी धनी व्यक्ति, फर्म तथा संस्थाहरुले नियमानुसार खरिद प्रक्रियामा भाग लिनका लागि Rastriya Banijya Bank, Prithiwichowk Branch मा RCIP–AF, PIU–Gandaki Province, Pokhara (Office Code: 3370139034 को राजश्व खाता नं. 27302000001001000001 मा रु १०००|०० जम्मा गरेको वैद्र भौचर संलग्न गरि मिति २०८२/०८/०३ गते कार्यालय समय भित्र दरभाउपत्र खरिद गरी मिति २०८२/०८/०४ दिनको १२:०० बजेभित्र कार्यालयको प्रशासन शाखामा रितपूर्वक दरभाउपत्र खामबन्दी गरी दर्ता गरिसक्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**दरभाउपत्र साथ व्यक्ति तथा फर्मले पेश गर्नुपर्ने कागजातहरु:**

१. **व्यक्तिको हकमा:**
- नागरिकताको छायाँप्रति थान-१
- यस कार्यालयबाट बुझिलगेको फाराम प्रमाणित गरी सक्कलै बुझाउने थान-१
- सवारी चालकको नागरिकताको छायाँप्रति थान-१
- सवारी चालकको सवारी चालक अनुमतीपत्रको छायाँप्रति थान- १
- (नविकरण भएको। सवारी साधनको ब्लुबुकको छायाँप्रति धान- १
- (नविकरण भएको) सवारी साधनको तेस्रोपक्ष बीमाको प्रमाणित कागजातको छायाँप्रति थान-१

२. **कम्पनी वा फर्मको हकमा:**
- फर्म दर्ता प्रमाणपत्रको छायाँ प्रति थान-१
- करचुक्ता प्रमाणपत्र (०८०/०८१) को छायाँ प्रति थान १
- यस कार्यालयबाट बुझिलगेको फाराम प्रमाणित गरी सक्कलै बुझाउने धान-१
- सवारी चालकको नागरिकताको छायाँप्रति थान-१
- सवारी चालकको सवारी चालक अनुमतीपत्रको छायाँप्रति थान-१
- (नविकरण भएको) सवारी साधनको ब्लुबुकको छायाँप्रति थान-१
- (नविकरण भएको) सवारी साधनको तेस्रोपक्ष बीमाको प्रमाणित कागजातको छायाँप्रति थान-१

**सवारी साधन भाडामा लिने सम्बन्धी शर्तहरु:**
- चालु अवस्थामा रहेको 4wd (Four Wheeler) Full Body/Pick Up हुनुपर्ने ।
- सबारी साधनको ब्लुबुक नविकरण भएको हुनुपर्ने ।
- कम्तिमा तेस्रो पक्ष बिमा गरेको हुनुपर्ने ।
- भाडामा उपलब्ध गराउने सवारी साधन सवारी साधन कम्तिमा २०१९ मोडलको हुनुपर्नेछ।
- भाडामा उपलब्ध गराउने सवारी साधनको इन्जिन क्षमता कम्तिमा २३०० सिसि हुनुपर्नेछ।
- इन्धनको व्यवस्था कार्यालयले व्यहोर्नुपर्ने ।
- मर्मत खर्च सवारीधनी स्वयंले व्यहोर्नुपर्ने
- अन्य वृस्तित विवरण शिलवन्दी दरभाउपत्र सम्वन्धी कागजपत्रमा उल्लेख गरिएको छ



## फलेवास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## खानीगाउँ, पर्वत
## गण्डकी प्रदेश, नेपाल

## ढुंगा गिटी वालुवाको उत्खनन, बिक्री एवम् निकासी कर संकलन सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।

**दोस्रो पटक प्रकाशित मिति : २०८२/०७/१८**

फलेवास नगरपालिकाको सत्रौं नगर सभाको निर्णय अनुसार आफ्नो नगरक्षेत्रभित्रका खोला नदीहरुबाट आ.व.०८२/८३ मा उल्लिखित स्थानहरूमा ढुङ्गा, गिट्टी बालुवा लगायत नदीजन्य पदार्थको उत्खनन तथा निकासी कर संकलन गर्न आय ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईजाजत प्राप्त इच्छुक फर्म, संस्था वा कम्पनीहरुलाई तपसिलका शर्तको अधीनमा रही सिलवन्दी दरभाउपत्र पेश गर्न दोस्रो पटक यो ८ दिने सूचना प्रकाशन गरिएको छ।

**शर्तहरु:**

१. दरभाउपत्र फाराम खरिद गर्न फलेवास नगरपालिकाको राजस्व पोर्टल sutrarevenue.fcgo.gov.np मार्फत बैंक वा कार्यालयमा सम्पर्क गरी तोकिएको दरभाउपत्र दस्तुर (ठेक्का अनुसारको फिर्ता नहुने गरी) जम्मा गरेको सक्कल भौचर पेश गरी यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनसम्म कार्यालय समयभित्र खरिद गर्न सकिने छ। उक्त दिन सार्वजनिक विदा भएमा अर्को दिनको कार्यालय समयभित्र फर्म खरिद गर्न सकिनेछ।
२. ठेक्का नं अनुसारको छुट्टाछुट्टै सिलवन्दी दरभाउपत्र ९ औं दिनको दिउँसो १२:०० बजेसम्म कार्यालयमा पेश गरिसक्नु पर्नेछ साथै सोही दिनको दिउँसो १:०० बजे यस कार्यालयमा शिलबन्दी दरभाउपत्र खोलिनेछ। उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट सोही समयमा उक्त कार्य हुनेछ।
३. दरभाउपत्र साथ आफूले कवोल गरेको अंकको कम्तीमा ५% धरौटी रकम फलेवास नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक फलेवास शाखामा रहेको धरौटी खाता नं.ग-३, ३५४०१००३०३००००२ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नुपर्नेछ। साथै राष्ट्र बैंकवाट मान्यता प्राप्त बैंकको दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन म्याद रहेको बैंक ग्यारेन्टीलाई समेत मान्यता दिइने छ।
४. दरभाउपत्र पेश गर्दा कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षर फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ।
५. दरभाउपत्र स्वीकृत भएपछि कवोल रकम बढिमा दुई किस्तामा बुझाउनु पर्नेछ। तर रु. १० लाख भन्दा कम रकमको ठेक्काको ठेक्का रकम एकमुष्ठ बुझाउनु पर्नेछ। रकम बुझाउँदा कवोल अंक सहित सोको भ्याट र अग्रीम आय करको रकम समेत बुझाउनुपर्नेछ। सम्झौताको बखत एकमुष्ठ रकम नबुझाउने भए बाँकी दोस्रो किस्ताको लागि धितो (सेक्युरीटी वण्ड) वापत कम्तिमा मिति २०८३ साल श्रावण मसान्तसम्म म्याद भएको राष्ट्र बैंकवाट मान्यता प्राप्त बैंकको जमानत (ग्यारेन्टी) पत्र पेश गर्नुपर्नेछ।
६. बिक्री एवं निकासी करको दर मु.अ.कर वाहेक प्रति क्यूविक फिट रु.७ (अक्षरुपी सात मात्र) हुनेछ।
७. रित नपुगी वा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।
८. ठेक्का सञ्चालन गर्दा नियमानुसार लाग्ने सम्पूर्ण कर ठेकदार स्वयम्ले व्यहोर्नु पर्नेछ।
९. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार सम्पूर्ण रुपमा यस कार्यालयमा निहित रहनेछ।
१०. उल्लेखित अलग-अलग ठेक्काहरूको लागि दररेटको विस्तृत विवरण सम्बन्धित व्यक्ति, फर्म, संस्था वा कम्पनीले यस कार्यालयमा सम्पर्क राखेको समयमा उपलब्ध गराइनेछ।
११. ठेक्काका शर्तहरू सम्झौता पत्रमा उल्लेख गरिनेछ साथै अन्य कुराहरू प्रचलित कानुन बमोजिम हुनेछ। थप कुराहरू बुझ्नु परेमा कार्यालय समयभित्र कार्यालयमा सम्पर्क राख्न सकिने छ।
१२. कुनै पनि फर्म, संस्था वा कम्पनीले एक भन्दा बढि आय ठेक्काको लागि ठेक्का अनुसार छुट्टाछुट्टै शिलबन्दी दरभाउ पत्र पेश गर्नुपर्नेछ।
१३. यो ठेक्काको म्याद २०८३ साल ज्येष्ठ मसान्तसम्म मात्र हुनेछ।
१४. दरभाउपत्र पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरुः-
  क. फर्म इजाजत एवं दर्ता प्रमाण पत्र (नियमानुसार नविकरण भएको)।
  ख. स्थायी लेखा नं. (भ्याट दर्ता प्रमाण पत्र)।
  ग. नियमानुसार कर चुक्ता गरेको प्रमाण पत्र।

**तपसिल**

| आय ठेक्का नं | वगर तथा नदी क्षेत्र | न्यूनतम कवोल अंक (मुअक र कर वाहेक) | दरभाउ दस्तुर |
|---|---|---|---|
| ०२।०८२।८३ | कटुवा वगर फनपा ४ मुडिकुवा | १६,००,०००।- (सोह्र लाख मात्र) | रु १००० |
| ०७।०८२।८३ | कर्नास कालीगण्डकी छोरे बगर फनपा ११ पांगरांग | २,०१,०००।- (दुई लाख एक हजार मात्र) | रु १००० |

प्रमुख प्रशासकीय अधिकृत